# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

**BHARATPUR METROPOLITAN CITY**
**Office of Municipal Executive**
Bharatpur, Chitwan, Nepal

मिति:२०८०।११।२४

प.सं. २०८०।०८१(पञ्जीकरण)
च.नं. ६८८

**विषय: आवश्यक कार्यार्थ।**

श्री वडा कार्यालय (१-२९) सबै,
भरतपुर महानगरपालिका,
भरतपुर, चितवन

प्रस्तुत विषयमा जिल्ला निर्वाचन कार्यालय चितवनको प.सं. ०८०/०८१ ,च.नं १३६ मिति २०८०/११/२३ को **मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली कार्यक्रम सम्बन्धमा प्राप्त** परिपत्रको छायाँ प्रति यसैपत्र साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा अनुरोध छ।

**बोधार्थ:**
सुचना तथा सञ्चार प्रविधि शाखा,भरतपुर महानगरपालिका: वेबसाईट मार्फत सूचना सम्प्रेषण गरिदिनुहुन।

२०८०।११।२४
(शान्ता कुमारी पौडेल)
निर्देशक

निर्वाचन आयोग नेपाल

# जिल्ला निर्वाचन कार्यालय

चितवन

फोन/फ्याक्स : ०५६-५९०६९१
ईमेल --: deo.chitwan@election.gov.np


प.सं. :- २०८०।०८१
च.नं. :- ८.३.६

मिति २०८०।११।२३

श्री स्थानीय तह सबै चितवन ।

विषय:- मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम सम्बन्धमा ।

इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं २ मा रिक्त प्रतिनिधि सभा सदस्य र बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं १ मा रिक्त प्रदेश सभा सदस्य पदमा निर्वाचनका लागि आयोगको मिति २०८० फागुन १३ गतेको निर्णय बमोजिम २०८१ बैशाख १५ गते उपनिर्वाचन गर्ने गरी मिति तोकिएको छ ।उपनिर्वाचन प्रयोजनको लागि संलग्न अनुसूचि १ बमोजिम सबै जिल्लाका वडा कार्यालय सम्म मिति २०८० फागुन २८ गते देखि मिति २०८० चैत ५ गतेसम्म मतदाता नामावली अध्यवधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० संचालन हुदैछ । मतदाता नामावली अध्यावधिक तथा अन्तिम मतदाता नामावली प्रकाशन कार्यक्रम, २०८० को प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक वडाका वडा सचिव नाम दर्ता अधिकारी हुने व्यवस्था भए बमोजिम सबै स्थानीय तहले आफ्ना वडा सचिवलाई देहाय बमोजिमको कार्य गर्न निर्देशन दिई सहजीकरण गरिदिनुहुन मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० र अनुसुचीहरु यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

<u>देहाय:</u>

१. अनुसूची – १ बमोजिमको कार्यक्रम संचालन गर्दा प्रमुख नाम दर्ता अधिकारीको प्रत्यक्ष निर्देशनमा नाम दर्ता अधिकारीको भूमिकामा रही कार्य गर्ने,

२. अनूसूची - १ बमोजिम हुने कार्यक्रम संचालन गर्न सूचना सम्प्रेषण गर्ने तथा कार्यक्रम अवधिमा नागरिकहरुले पेश गरेका अनुसूची फाराम, निवेदन, सूचना, उजुरी दर्ता गर्ने

३. दर्ता हुन आएका अनुसूची फाराम, निवेदन, सूचना, उजुरी तोकिएको अवधि भित्र प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने

४. आफ्नो वडामा मिति २०७९ माघ २९ गतेभन्दा पछाडी आफ्नो वडाको घटना दर्ता कितावमा दर्ताहुन आएका बसाई सराई, विवाह दर्ता, मृत्यु दर्ता सम्बन्धी विवरण प्रमाणित गरी तोकिएको अवधि भित्र प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा पठाउने

५. प्रमुख नाम दर्ता अधिकारीको कार्यालयबाट प्राप्त सूचना तथा अनुसूची विवरणहरु आफ्नो कार्यालयको सूचना पाटीमा टांस गर्ने व्यवस्था मिलाउने

६. मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० मा तोकिएका अन्य कार्यहरु गर्ने ।

नोट:- आफ्नो वडामा दर्ता हुन आएका निवेदनहरु मिति २०८०।१२।०६ गते सम्म यस कार्यालयको ईमेल ठेगाना deo.chitwan@election.gov.np मा पठाउनुहुन ।

जिवनलाल कार्की
जिल्ला निर्वाचन अधिकारी

भरतपुर महानगरपालिका
दर्ता नं. १२०५
मिति: ११।२३


E-mail : deo.chitwan@election.gov.np
Phone/Fax.: 056-590691

*अनुसूची-१*

# निर्वाचन आयोग

## मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

### प्रमुख/नाम दर्ता अधिकारीको कार्यालय,चितवन

### मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० सम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेवसाइटमा मतदातानामावली प्रकाशनगर्ने | २०८०/११/२८ | | https://www.election.gov.np |
| २ | मतदातानामावलीमा रहेको त्रुटिसच्याउन निवेदन दिने | २०८०/११/२९ | २०८०/१२/०५ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय वा वडा कार्यालय |
| ३ | कसैले झुट्टाविवरण दिई नामावलीमा नाम समावेश गरेको भएसोको विरोधमा उजुरीदिने | | | |
| ४ | कुनै मतदाताको नामएकभन्दा बढी स्थानमासमा वेशभएकोमा एकस्थानमा मात्र कायम गर्न निवेदनदिने | | | |
| ५ | मतदातानामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदातानामावलीबाट हटाउनको लागि सूचना दिने । | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाईंसरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभएता पनि कुनै मतदाता बसाईंसरी गएको, मृत्युभएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने । | २०८०/११/२९ | २०८०/१२/०५ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाण सहितसफाइको मौका दिने | २०८०/१२/०६ | २०८०/१२/०८ | निर्वाचन कार्यालय |
| ८ | मतदातानामावली बाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नामहटाउने लगायत कानून बमोजिम निर्णय गर्ने । | २०८०/१२/०९ | २०८०/१२/१२ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालयर सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरकफरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भएसोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटा संगै आयोगमा पठाउने । | २०८०/१२/१२ | २०८०/१२/१५ | निर्वाचन कार्यालय र वडाकार्यालय |
| १० | अन्तिम मतदातानामावली प्रकाशन गर्ने | | २०८०/१२/२२ | निर्वाचन आयोग |

भिमसेन कार्की
जिल्ला निर्वाचन अधिकारी

# मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

निर्वाचन आयोग, नेपाल
२०८०

## १. पृष्ठभूमि

त्रुटिरहित, अद्यावधिक र प्रविधिमा आधारित मतदाता नामावली स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन व्यवस्थापनको एउटा प्रमुख आधार हो। नेपालको संविधानमा निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारभित्र निर्वाचनको प्रयोजनका लागि मतदाता नामावली तयार गर्ने कार्यलाई समेत उल्लेख गरिएको छ। संविधानले सुम्पेको जिम्मेवारीअनुरुप आयोगले सूचना प्रविधिको उपयोग गर्दै विद्यमान कानून बमोजिम नियमितरूपमा प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरू मार्फत फोटोसहितको मतदाता नामावली दर्ता कार्य गर्दै आएको छ। साथै, नागरिकको सहजताको लागि जुनसुकै बाह्य जिल्लाबाट समेत योग्यता पुगेका व्यक्तिले आफ्नो स्थायी ठेगाना भएको स्थानीय तहको सम्बन्धित वडाको मतदाता नामावलीमा समावेश हुने गरी फोटोसहितको विवरण दर्ता गर्नसक्ने व्यवस्था गरिएको छ। मतदाता दर्तासम्बन्धी विद्यमान व्यवस्थाअनुरूप निर्वाचनको मिति घोषणा हुने दिनसम्म दर्ता भएका नेपाली नागरिकहरूको फोटोसहितको विवरणबाट मतदान हुने मितिभन्दा अघिल्लो दिनसम्ममा अठार वर्ष उमेर पुग्ने व्यक्तिहरूको नामावली अद्यावधिक गरी अन्तिम मतदाता नामावली तयार गरिदै आएको छ।

यस अघि मिति २०८० वैशाख १० गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य उपनिर्वाचन प्रयोजनको लागि मिति २०७९ साल माघ २९ गतेभित्र मतदाता नामावलीमा नाम दर्ता गराएका तथा मिति २०८० साल वैशाख ९ गतेभित्र १८ वर्ष उमेर पूरा भएका नागरिकको मतदाता नामावली विवरण अद्यावधिक गरी आयोगबाट मिति २०७९ चैत्र १६ मा भएको निर्णयबमोजिम अन्तिम मतदाता नामावली प्रकाशन गरिएको थियो।

आयोगबाट मिति २०८० फागुन १३ मा इलाम जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ मा रिक्त रहेको प्रतिनिधि सभा सदस्य र बझाङ जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ मा रिक्त रहेको प्रदेश सभा सदस्यको उपनिर्वाचन मिति २०८१ वैशाख १५ गते गर्ने निर्णय भएकोले उपनिर्वाचनका लागि देशभरको मतदाता नामावली अद्यावधिक गरी मतदाता नामावली ऐन, २०७३ को दफा २० बमोजिम अन्तिम नामावली प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था रहेकोले यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो।

यस पृष्ठभूमिमा सूचना प्रविधिको समेत उपयोग गर्दै उपनिर्वाचन प्रयोजनार्थ उपनिर्वाचनको मतदान हुने अघिल्लो दिन सम्म १८ वर्ष उमेर पुग्ने बालिग मतदाताको नामावली अद्यावधिक गरी अन्तिम मतदाता नामावली प्रकाशन गर्नुपर्ने भएकोले मिति २०८१ वैशाख १४ गतेलाई निर्दिष्ट मिति (Cut Off Date) तोकी मतदाता नामावली अद्यावधिक गर्न यो “मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०” तयार गरिएको छ ।

## २. कानूनी व्यवस्था

नेपालको संविधानले राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य एवं स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने तथा निर्वाचन प्रयोजनको लागि मतदाताको नामावली तयार गर्ने जिम्मेवारी निर्वाचन आयोगलाई दिएको छ। यसैगरी निर्वाचन आयोग ऐन, २०७३ को दफा ११ को खण्ड (ख) बमोजिम मतदाता पहिचानको लागि आवश्यक व्यवस्था मिलाउने कर्तव्य निर्वाचन आयोगको रहेको छ। मतदाता नामावली ऐन, २०७३ ले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने विधि र प्रक्रियाहरू तोकेको छ।

मतदाता नामावली ऐन, २०७३ को दफा ४ मा आयोगले आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रभित्रका गाउँपालिकाका र नगरपालिकाका वडाको मतदाता नामावली सङ्कलन गर्ने तथा त्यसको अद्यावधिक कार्य गर्नेछ भन्ने व्यवस्था रहेको छ। यसैगरी दफा १३ मा आयोगले सङ्कलन गरेको नामावली प्रकाशन गर्ने, दफा १४ मा त्रुटी सच्याउन दरखास्त दिने, दफा १५ मा झुट्टा विवरण दिइ नामावलीमा नाम समावेश भएको भए उजुरी दिने, दफा १६ मा दोहोरो नाम हटाउन निवेदन दिने, दफा १७ मा दोहोरो नाम हटाउने, दफा १८ मा मृत्यु भएका वा नागरिकता त्याग गरेका व्यक्तिको प्रमाण हेरी नाम हटाउने लगायतका प्रक्रिया पूरा गरी दफा २० बमोजिम अन्तिम मतदाता नामावली प्रकाशन गर्ने व्यवस्था रहेको छ।

मतदाता नामावली ऐन, २०७३ मा माथि उल्लेख भएबमोजिमको व्यवस्था तथा दफा ४ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश (२) को व्यवस्था बमोजिम निर्वाचनको मिति घोषणा भइसकेपछि सो निर्वाचनको प्रयोजनको लागि मतदाता नामावलीमा नाम दर्ता गरिने छैन भन्ने व्यवस्था रहेको छ। यस अनुसार आयोगको मिति २०८० फागुन १३ गतेको निर्णयबाट नियमित रुपमा भईरहेको मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्य अर्को व्यवस्था नभएसम्मको लागि स्थगन गरिएको छ।

## ३. मतदाता नामावली अद्यावधिक कार्यक्रम

उल्लिखित कानूनी व्यवस्था बमोजिम यस कार्यक्रम मार्फत निर्वाचनको मिति घोषणा भएको दिन २०८० फागुन १३ सम्म मतदाता नामावलीमा नाम दर्ता भएको र मतदान हुने मिति भन्दा अघिल्लो दिन २०८१ वैशाख १४ गतेसम्ममा १८ वर्ष उमेर पूरा हुने व्यक्तिहरुको मतदाता नामावलीलाई अद्यावधिक गरी अन्तिम मतदाता नामावली प्रकाशन गरिनेछ।

## ४. उद्देश्य

प्रस्तुत कार्यक्रमको मूल उद्देश्य आयोगले हालसम्म दर्ता गरेको मतदाताको विवरणलाई शुद्ध तुल्याइ निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गर्नमा सहयोग पुऱ्याउनु हो। यसका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :–

क. आयोगले तयार गरेको फोटो सहितको मतदाता नामावलीमा मतदाताले आफ्नो नाम विवरण हेर्न एवम् अद्यावधिक गर्नको लागि सहज पहुँच प्रदान गर्ने,

ख. मतदाता नामावलीमा दोहोरो नाम हटाउने, विवरणमा रहेको त्रुटी सच्याउने तथा नागरिकता त्याग गरेका एवम् मृत्यु भएका व्यक्तिहरूको विवरण मतदाता नामावलीबाट हटाउने,

ग. विवाह तथा बसाइसराई भएबमोजिम दर्ता भएका निवेदन बमोजिम अद्यावधिक गरी मतदाता नामावली कायम गर्ने,

घ. मतदाता नामावली ऐन, २०७३ को दफा २० बमोजिम अन्तिम मतदाता नामावली प्रकाशन गरी वैधानिकता प्रदान गर्ने।

## ५. कार्यक्रम सञ्चालन हुने स्थान र अवधि

मतदाता नामावली अद्यावधिक सम्बन्धी मूल कार्यक्रम मिति २०८० फागुन २८ देखि २०८० चैत्र १५ सम्म अनुसूची-१ मा समावेश भएका क्रियाकलाप बमोजिम सञ्चालन हुनेछ। अद्यावधिक कार्यक्रम अनलाइन मार्फत एवम् निर्वाचन कार्यालय र देशभरका सबै वडा कार्यालयबाट समेत सञ्चालन हुनेछ।

## ६. अद्यावधिक कार्यक्रम सञ्चालन प्रक्रिया

### ६.१. नामावली विवरण एकीकरण तथा प्रकाशन

६.१.१. प्रत्येक जिल्लामा दर्ता भएका मतदाताको विवरण जिल्ला प्रणालीमा एकीकरण गर्ने, रूजु गर्ने, डिडुब्लीकेशन गर्ने कार्य सम्बन्धित निर्वाचन कार्यालयले गर्नुपर्नेछ।

६.१.२. प्रत्येक जिल्लामा बुँदा नं. ६.१.१ बमोजिमको कार्य सम्पादन भए पश्चात सूचना प्रविधि शाखाले देशभरीबाट विवरण प्राप्त गरी आयोगको केन्द्रीय प्रणालीमा एकीकरण गर्नुपर्नेछ।

६.१.३. विवरण एकीकरण भए पश्चात सूचना प्रविधि शाखाले मतदाताको नाम, मतदाता नम्बर, फोटो, उमेर, बाबु, आमाको नाम, पति वा पत्नीको नाम सहितको विवरण मतदाता नामावली ऐन, २०७३ को दफा १३ बमोजिम आयोगको वेवसाइटमा प्रकाशन गर्नुपर्नेछ।

### ६.२. सूचना प्रकाशन र प्रचारप्रसार

६.२.१. कार्यक्रम सञ्चालन हुने स्थान, समय र क्रियाकलाप सहित तयार गरिएको अनुसूची-१ बमोजिमको सूचना आयोगले सबै मतदाताको जानकारीको लागि आफ्नो वेवसाइटमा प्रकाशन गर्नेछ।

६.२.२. अनुसूची-१ बमोजिमको मतदाता नामावली अद्यावधिक कार्यक्रमको प्रभावकारिता अभिवृद्धि एवम् आवश्यक सुरक्षा, सहयोग, समन्वय र प्रचार-प्रसारका लागि गृह मन्त्रालयमार्फत सबै प्रमुख जिल्ला अधिकारीहरूलाई प्रमुख नाम दर्ता अधिकारीसँग समन्वय गरी जिल्लाका राजनीतिक दलसँग बैठक राखी कार्यक्रम सम्बन्धी सूचना सम्प्रेषणको व्यवस्था मिलाउनुपर्नेछ।

६.२.३. आम जनताको सूचनामा सहज पहुँच तथा आवश्यक सहयोग र समन्वयका लागि आयोगबाट सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहका वडा कार्यालयसम्म पुग्नेगरी अनुसूची-१ बमोजिमको सूचना प्रकाशनको व्यवस्था मिलाउनुपर्नेछ।

६.२.४. सबै प्रदेश तथा जिल्ला निर्वाचन कार्यालय, जिल्लास्थित जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय लगायतका कार्यालयमा अनुसूची-१ बमोजिमको सूचना टाँस गर्ने व्यवस्था निर्वाचन कार्यालयले मिलाउनु पर्नेछ।

६.२.५. अनुसूची-१ बमोजिमको कार्यक्रमको सूचना प्रसारणको व्यवस्था केन्द्रीयस्तरबाट आयोगले र जिल्लास्तरमा जिल्लास्थित सञ्चारमाध्यमबाट निर्वाचन कार्यालयले मिलाउनु पर्नेछ।

६.२.६. मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८० बमोजिम मतदाता नामावली अद्यावधिक गर्ने कार्यमा सूचना प्रवाह, सहजीकरण, समन्वय र सहयोगको लागि संघीय संसद, प्रदेशसभा र स्थानीय तहमा प्रतिनिधित्व गर्ने राजनीतिक दललाई आह्वान गरिनेछ।

## ६.३. निवेदन, दरखास्त, सूचना तथा उजुरी दिने

६.३.१. बुँदा नं. ६.१ बमोजिम प्रकाशित नामावलीको विवरणमा शुद्धीकरणका लागि मतदाता नामावली ऐन, २०७३ को दफा १४ बमोजिम त्रुटि सच्याउन अनुसूची-२ बमोजिम सम्बन्धित मतदाता वा निजको परिवारको कुनै सदस्यले दरखास्त दिनुपर्नेछ।

६.३.२. मतदाता नामावली ऐन, २०७३ को दफा १५ बमोजिम कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए कुनै पनि व्यक्तिले प्रमाण सहित अनुसूची-३ बमोजिम उजुरी दिनुपर्नेछ।

६.३.३. मतदाता नामावली ऐन, २०७३ को दफा १६ बमोजिम दोहोरो नाम हटाउन सम्बन्धित मतदाताले अनुसूची-४ बमोजिम निवेदन दिनुपर्नेछ।

६.३.४. मतदाता नामावली ऐन, २०७३ को दफा १८ बमोजिम कुनै मतदाताको बसाइँ सराइ भएको वा मृत्यु भएको वा नागरिकता त्याग गरेकोमा निजको एकाघर परिवारका सदस्य वा अन्य कुनै व्यक्तिले अनुसूची-५ बमोजिम सूचना दिनुपर्नेछ।

६.३.५. बुँदा नं. ६.३ बमोजिम निवेदन दरखास्त, सूचना तथा उजुरी दिन दुई वटा विकल्प उपलब्ध हुनेछ। कुनै पनि व्यक्तिले अनलाइन मार्फत आयोगको वेवसाइटमा रहेको मतदाता नामावली दर्ता तथा अद्यावधिक प्रणालीमा प्रविष्ट गरी आवश्यक प्रमाण सहित दर्ता गराउन सक्नेछ। साथै भौतिक रूपमा निवेदन, दरखास्त, सूचना तथा उजुरी दिन चाहने व्यक्तिले आयोगको वेवसाइटमा रहेका सम्बन्धित अनुसूची फाराम भरी प्रिन्ट गरी आफ्नो स्थायी ठेगाना भएको निर्वाचन कार्यालय वा वडा कार्यालयमा समेत दर्ता गराउन सक्नेछ।

## ६.४. निवेदन, दरखास्त, सूचना तथा उजुरी सङ्कलन तथा कारबाही

६.४.१. बुँदा नं. ६.३ बमोजिमका निवेदन, दरखास्त, सूचना तथा उजुरी सम्बन्धित वडा सचिव (नाम दर्ता अधिकारी) ले दर्ता गर्नुपर्नेछ। यसरी दर्ता भएपछि स्थानीय पञ्जिकाधिकारी अर्थात वडा सचिवले अनुसूची-१ मा तोकिए बमोजिम सम्बन्धित निर्वाचन कार्यालयको इमेल ठेगानामा सफ्टकपी र निर्वाचन कार्यालयमा हार्डकपी पठाउनुपर्नेछ। साथै मतदाता नामावली अद्यावधिक गर्ने प्रयोजनका लागि मिति २०७९ माघ २९ गतेभन्दा पछाडि आफ्नो वडाको घटना दर्ता किताबमा दर्ता हुन आएका मतदाता नामावली ऐन, २०७३ को दफा २५ बमोजिम बसाइसराई, विवाह दर्ता, मृत्यु दर्ताको विवरण समेत प्रमाणित गरी निर्वाचन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

६.४.२. बुँदा नं. ६.३ बमोजिम आयोगको प्रणाली र बुँदा नं. ६.४.१ बमोजिम नाम दर्ता अधिकारीबाट सङ्कलन भएको निवेदन, दरखास्त, सूचना सम्बन्धमा सम्बन्धित जिल्लाको निर्वाचन अधिकारी (प्रमुख नाम दर्ता अधिकारी) ले आवश्यक प्रमाण भिडाई जाँचबुझ गरी कानून बमोजिम त्रुटी सच्याउनु पर्नेछ। प्रमुख नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार अनुसूची-६ बमोजिम हुनेछ।

## ६.५. सफाइको मौका तथा नाम हटाइएको विवरण टाँस गर्ने

६.५.१. मतदाता नामावली ऐन, २०७३ को दफा १८ को उपदफा (१) बमोजिम सूचना प्राप्त भएको वा सोही दफाको उपदफा (२) को प्रतिबन्धात्मक व्यवस्था अनुसार सूचना प्राप्त नभए तापनि कुनै मतदाताको विवाह भई वा अन्य कारणले

बसाई सरी अन्यत्र गएको वा मृत्यु भएको वा नागरिकता त्याग गरेको वा नागरिकता रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा प्रमुख नाम दर्ता अधिकारीले त्यस्तो मतदाताको नाम मतदाता नामावलीबाट हटाउनु पर्नेछ। तर, मतदाता नामावलीबाट नाम हटाउनुपूर्व नाम हटाउन नपर्नुको कारण सहित निजहरूलाई सफाइको मौका प्रदान गर्नु पर्ने छ।

६.५.२. कुनै व्यक्तिले सफाइ पेश गर्नुपर्ने भएमा तोकिएको समयावधि भित्र आवश्यक प्रमाण सहित प्रमुख नाम दर्ता अधिकारी समक्ष उपस्थित हुनुपर्नेछ। यसरी तोकिएको समयावधि समाप्त भएपछि प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश भएका प्रमाण समेतका आधारमा कानून बमोजिम निर्णय गर्नुपर्नेछ। नामावलीबाट नाम हटाउनु पर्ने भए मतदाता नामावलीबाट नाम हटाइने व्यक्तिको सूची अनुसूची-७ बमोजिम सूचना तयार गरी इमेलमार्फत सम्बन्धित वडा कार्यालयमा पठाई उक्त अनुसूची-७ वडा कार्यालयमा टाँस गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

## ६.६. विवरण उपलब्ध गराउनुपर्ने

नागरिकता त्याग गरेको विवरण जिल्ला प्रशासन कार्यालयले प्रमुख नाम दर्ता अधिकारीलाई तथा नागरिकता रद्द गरेको विवरण गृह मन्त्रालयले आयोगलाई उपलब्ध गराउनुपर्नेछ।

## ६.७. विवरण प्रमाणित गरी आयोगमा पठाउने

बुँदा नं. ६.१ देखि ६.६ सम्मका सम्पूर्ण क्रियाकलाप सम्पन्न भए पश्चात प्रमुख नाम दर्ता अधिकारीले आफ्नो जिल्लाको समग्र मतदाता नामावलीको प्रमाणित विवरण र सोको सफ्टकपी आयोगको सूचना प्रविधि शाखामा पठाउनु पर्नेछ।

## ६.८. आयोगमा डाटा प्राप्ति र दोहोरो परीक्षण (De duplication)

विवरण प्राप्त भए पश्चात् आयोगको सूचना प्रविधि शाखाले केन्द्रीय सर्भरमा डाटा अद्यावधिक गर्नुपर्नेछ। विवरण अद्यावधिक भइसकेपछि कुनै मतदाताले एक भन्दा बढि स्थानबाट नाम दर्ता गराएको वा एक भन्दा बढि पटक दर्ता गराएको फेला परेमा मतदाता नामावली ऐन, २०७३ को दफा १७ र दफा २० बमोजिम मतदाताको नाम निज स्थायी बसोवास गर्दै आएको गाउँपालिका वा नगरपालिकाको सम्वन्धित वडाको मतदाता नामावलीमा कायम गरी अन्य स्थानमा रहेको नाम केन्द्रीय सर्भरबाट हटाउनु पर्नेछ। यसरी दोहोरो फेला परी हटाइएका मतदाताको छुट्टै विवरण तयार गरी अभिलेख राख्नु पर्नेछ।

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

## मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने फारामको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,
जिल्ला ..............................

विषयः- मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन पेश गरेको सम्बन्धमा ।

मिति ............... मा प्रकाशित मतदाता नामावलीमा रहेको मेरो/श्री ....................................को नामावलीमा रहेको त्रुटि सच्याउन मतदाता नामावली ऐन, २०७३ को दफा १४ बमोजिम यो दरखास्त पेश गरेको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानीजानी झुठो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपसिल:

| हाल त्रुटि भएको विवरण | मतदाता नं. | नाम थर | ना.प्र.प.नं./जिल्ला | उमेर/जन्म मिति | लिङ्ग | बाबुको नाम | आमाको नाम | गाउँपालिका/नगर पालिका र वडा नं. | मतदान स्थल | अन्य विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| त्रुटि सच्याउनु पर्ने विवरण | | | | | | | | | | |
| पेश गरेको प्रमाण | | | | | | | | | | |

निवेदन दिनेको नाम थर .............................. दस्तखत ..................... ठेगाना........................................ मिति.........................

---

### प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर............................................दर्जा ......................... दस्तखत ............... मिति ..............

अनुसूची-३

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

# झुट्टा विवरण दिई मतदाता नामावलीमा समावेश भएको नामको सम्बन्धमा दिने उजुरीको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,
जिल्ला ............................

विषयः- झुट्टा विवरण दिई मतदाता नामावलीमा समावेश भएको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा ।

मिति ............... मा प्रकाशित मतदाता नामावलीमा रहेका श्री ................................ले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको हुँदा मतदाता नामावली ऐन, २०७३ को दफा १५ बमोजिम निजको नाम मतदाता नामवलीबाट हटाउनको लागि यो उजुरी दिएको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानाजानी झुट्टो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपसिल:

| नाम | नामावलीमा रहेको ठेगाना | मतदाता नं. | ना.प्र.प.नं./जिल्ला | उमेर | लिङ्ग | बाबुको नाम | आमाको नाम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| नामावलीबाट नाम हटाउनु पर्ने कारण : | | | | | | | |
| पेश गरेको प्रमाण : | | | | | | | |

उजुरी दिनेको नाम थरः ............................ दस्तखत.............. ठेगाना.................................................मिति.................

---

## प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर..............................................दर्जा ........................ दस्तखत ............... मिति ..............

अनुसूची-४

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

## मतदाता नामावलीमा रहेको दोहोरो नाम हटाउन दिने निवेदनको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,

जिल्ला ...............

निवेदकको गाउँपालिका/नगरपालिका..............

वडा नं. ..............

विषय:- मतदाता नामावलीमा रहेको दोहोरो नाम हटाई एक स्थानमा मात्र नाम कायम गरि पाउँ ।

मिति ............... मा प्रकाशित मतदाता नामावलीमा रहेको मेरो/श्री .......................................को नाम विवरण एक भन्दा बढी स्थानमा समावेश भएको हुँदा तपसिल बमोजिम एक स्थानमा मात्र कायम राखी अर्को स्थानको मतदाता नामावलीबाट नाम हटाइदिनुहुन मतदाता नामावली ऐन, २०७३ को दफा १६ बमोजिम यो निवेदन पेश गरेको छु। मैले जाने बुझे सम्म साँचो छ र जानाजानी झुटो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ ।

तपसिल:

| | मतदाता नं. | नाम थर | मतदाता नामावलीमा कायम ठेगाना | ना.प्र.प.नं./ जिल्ला | उमेर/जन्ममिति | लिङ्ग | बाबुको नाम | आमाको नाम |
|---|---|---|---|---|---|---|---|---|
| दोहोरो परेको नाम | १..............<br>२.............. | १........................<br>२........................ | १.........................<br>२......................... | १...............<br>२............... | १............<br>२........... | १.......<br>२........ | १....................२<br>...................... | १....................२<br>.................... |
| कायम राखु पर्ने नाम | | | | | | | | |
| पेश गरेको प्रमाण | | | | | | | | |

निवेदन दिनेको नाम थर ............................ दस्तखत......................... ठेगाना....................................... मिति..................

- - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - -

### प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर..........................................दर्जा ....................... दस्तखत ............... मिति ..............

अनुसूची-५

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

## मतदाता नामावलीबाट नाम हटाउन दिने सूचनाको ढाँचा

श्री प्रमुख नाम दर्ता अधिकारी,

जिल्ला ...............

गाउँपालिका/नगरपालिका............... वडा नं. ...............

विषय:- मतदाता नामावलीबाट नाम हटाउने सम्बन्धमा ।

मिति ............... मा प्रकाशित मतदाता नामावलीमा रहेको म/मेरो ..............................(नाता) श्री .............................. विवाह/बसाइँ सराई/मृत्यु भएको हुँदा निजको मतदाता नामावलीमा तपसिल बमोजिमको नाम मतदाता नामावलीबाट हटाउनको लागि मतदाता नामावली ऐन, २०७३ को दफा १८ बमोजिम यो सूचना दिएको छु। मैले प्रस्तुत गरेको प्रमाण र आधार मैले जाने बुझे सम्म साँचो छ र जानाजानी झुटो विवरण पेश गरेको ठहरे कानून बमोजिम भएमा मेरो मञ्जुरी छ।

तपसिल:

| नाम | नामावलीमा रहेको ठेगाना | मतदाता नं. | ना.प्र.प.नं./जिल्ला | उमेर/जन्म मिति | लिङ्ग | बाबुको नाम | आमाको नाम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| नाम समावेश हुनु नपर्ने/हटाउनु पर्ने कारण : | | | | | | | |
| पेश गरेको प्रमाण : | | | | | | | |
| | | | | | | | |

सूचना/निवेदन दिनेको नाम थर: .............................. दस्तखत.................... ठेगाना.................................................... मिति..................

---

### प्रमुख नाम दर्ता अधिकारीले गरेको निर्णय

प्रमुख नाम दर्ता अधिकारीको नाम,थर.............................................दर्जा ......................... दस्तखत ............... मिति .............

अनुसूची ६

निर्वाचन आयोग

## मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

### प्रमुख नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार

क) आयोगबाट स्वीकृत कार्यक्रमको अधीनमा रही निर्वाचन कार्यालयमा नामावली प्रकाशन गर्ने, उजुरी लिने, त्रुटी सच्याउने, दोहोरो नाम हटाउन निवेदन लिने र सोको छानबिन गर्ने समेतको कार्य गर्ने गराउने,

ख) प्राप्त निवेदन, उजुरी वा सूचना उपर जाँचबुझ गरी आवश्यकता अनुसार विवरण सच्याउने, नाम हटाउने लगायतका विषयमा कानून बमोजिम निर्णय गर्ने,

ग) मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालनको लागि कार्यालयमा कार्यरत अन्य कर्मचारीलाई जिम्मेवारी तोकी काममा खटाउने,

घ) कार्यक्रम सञ्चालनका लागि आयोगबाट प्राप्त बजेट व्यवस्थित रुपमा अभिलेखन, वितरण र नियन्त्रण गरी खर्चको व्यवस्थापन गर्ने,

ङ) कार्यक्रममा परिचालित कर्मचारीको काममा सहजीकरण, समन्वय, सुपरीवेक्षण र अनुगमन गर्ने,

च) कार्यक्रम सम्पन्न भएपछि कार्यक्रममा प्रयोग भएका अनुसूची लगायतका अन्य कागजात सुरक्षित रुपमा भण्डारण गर्ने व्यवस्था मिलाउने,

छ) कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आयोगले तोकिदिएका अन्य कार्य गर्ने गराउने,

ज) जिल्लामा अद्यावधिक कार्यक्रम पश्चात् अद्यावधिक मतदाताको विवरण निर्धारित समयभित्र आयोगमा पठाउने।

अनुसूची-७

निर्वाचन आयोग

मतदाता नामावली अद्यावधिक तथा अन्तिम नामावली प्रकाशन कार्यक्रम, २०८०

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय

...............

## मतदाता नामावलीबाट नाम हटाइएको सूचना

यस कार्यालयको मिति .............. मा प्रकाशित सूचना बमोजिम निवेदन/सूचना/उजुरी प्राप्त हुन आएको मतदाताको सम्बन्धमा जाँचबुझ गर्दा देहायका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र. सं. | मतदाता नं. | नाम थर | ठेगाना | नागरिकता नं. / जारी भएको जिल्ला | जन्म मिति वा उमेर | बाबुको नाम | आमाको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रमुख नाम दर्ता अधिकारी

नाम,थर..............................

दस्तखत ..............

मिति ..............